नेपाल सरकार
खानेपानी मन्त्रालय

## मेलम्ची खानेपानी आयोजनाको प्रगतिका विषयमा पछिल्लो अवस्थाका बारेमा जानकारी गराउन आयोजित पत्रकार भेटघाट कार्यक्रम

# प्रेस विज्ञप्ती

खानेपानी मन्त्रालयले बहुप्रतिक्षित मेलम्ची खानेपानी आयोजनाको कार्यलाई द्रूत गतिमा अघि बढाएर सम्पन्न गर्न तत्परतापूवर्क काम गर्दै आएको छ ।

राष्ट्रिय गौरवका आयोजनामा ढीलासुस्ती हुनुहुँदैन र कामहरु यथाशीघ्र निर्धारित मितिमा सम्पन्न गर्नुपर्छ भन्ने मान्यताका आधारमा माननीय मन्त्रीज्यूले मन्त्रालयको जिम्मेवारी सम्हालेको भोलीपल्ट नै मेलम्ची आयोजनाको निरिक्षण गरी सुरुङ ब्रेक थ्रुको काम चैत्र ३० गतेसम्म गर्न निर्देशन दिनुभएको सर्वविदितै छ । मन्त्रीज्यूको निर्देशन अनुरुप तोकिएको मितिभन्दा चारदिन अगाडि नै २०७४ चैत्र २७ गते ब्रेक थ्रु भएको र उक्त कार्यको उद्घाटन सम्माननीय उपराष्ट्रपतिज्यूबाट भएको यहाँहरुलाई विदित छ ।

- मिति २०७४ चैत्र २७ गते माननीय खानेपानी मन्त्री ज्यू, माननीय कानुन, न्याय तथा संसदीय मन्त्री ज्यू, खानेपानी सचिव, एशियाली विकास बैंकका निर्देशक, परामर्शदाता इप्टिसाका निर्देशक, ठेकेदार कम्पनी (सिएमसी)का परियोजना प्रबन्धक र चीनस्थित क्षेत्रीय प्रबन्धकको उपस्थितिमा **सुरुङ्गको सिन्धु-ग्याल्थुमखण्ड ७.५ कि.मी. को ब्रेक थ्रु** समारोह आयोजना गरिएको थियो । उक्त समारोहमा सार्वजनिकरुपमा सबैपक्षबाट आयोजनालाई छिटो निर्माण गर्ने चाहना व्यक्त भएको र सम्बन्धि ठेकेदार कम्पनीका परियोजना प्रबन्धक र क्षेत्रीय प्रबन्धकले बहुप्रतिक्षित मेलम्चीको खानेपानीलाई अबको ३ देखि ४ महिनाभित्रमा काठमाडौंमा पथानान्तरण गर्ने प्रतिबद्धता सार्वजनिकरुपमा व्यक्त गरेका थिए ।

- सुरुङको ब्रेक थ्रुपछिको कार्यप्रगतिका बारेमा नियमितरुपमा मन्त्रालयबाट ताकेता भइरहेकै सन्दर्भमा बाँकी कामहरुको वर्गीकरण गरि निर्धारित मितिसम्म पुरा गर्ने प्रतिबद्धतालाई कार्ययोजना बनाई कार्यान्वयन गर्नका लागि २०७५ वैशाख १३ गते ADB NRM बैठकमा एशियाली विकास बैंक, मेलम्ची आयोजना विकास समिति, ठेकेदार तथा इन्जिनियर परामर्शदाता कम्पनीको कार्ययोजना Action Plan तयार गरिएको थियो ।

- सम्बन्धित ठेकेदार पक्षको सहमति उक्त एक्सनप्लान अनुसार, 1. Tunnel Invert Lining and Final Support 2. Head Works and other Structure for diverting water 3. Information of Tunnel Monitoring System and Data System, 4. Instalaion of vertical shaft and air ventilation, र 5. Water Diversion गरी ५ वटा मुख्य कार्यहरु सम्पन्न गर्ने उल्लेख गरियो ।

- उक्त कार्ययोजना अनुसार, ठेकेदार कम्पनीले वैशाख १८ गतेदेखि तीब्रताका साथ आवश्यक पर्ने निर्माण सामग्री तथा जनशक्ति, मेशिनलगायतको व्यवस्थापन गरेर कार्यायोजना अनुरुप नियमित र तीब्रताका साथ काम गर्ने र २०७५ साउन ३० सम्म मेलम्चीको पानी सुन्दरीजलमा पथान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरियो ।

- सोहीबीचमा ठेकेदारसँग अनौपचारिक र औपचारिक छलफलबाट समेत काम अगाडि बढेका नपाइएपछि वैशाख २५ गते परामर्श इन्जिनियरका तर्फबाट सम्बन्धित ठेकेदारलाई 'नोटिस टु करेक्ट' जारी गरियो । यो पत्रमा ठेकेदारलाई सहमति र सम्झौता अनुसार काम गर्न र काम हुन नसकेमा सम्झौताका प्रवाधान अनुसार आवश्यक कदम चालिने जानकारी गराइयो ।

- त्यसपछि वैशाख २७ गते माननीय मन्त्रीज्यूको पहलमा एशियाली विकास बैंक, मेलम्ची खानेपानी आयोजना विकास समिति, ठेकेदार र परामर्शदाता कम्पनीको प्रतिनिधिलाई मन्त्रालयमा बोलाई कार्ययोजना अनुसार कार्यप्रगति हुन नसकेको विषयमा के कति कारणले काम अगाडि बढेन र ठेकेदार पक्षले किन प्रतिबद्धता अनुरुप काम गरेन भन्ने विषयमा ठेकेदारको ध्यानाकर्षण गराइयो ।

- सोही उच्चस्तरीय छलफलमा ठेकेदार पक्षबाट केन्द्रीय कार्यालयबाट रकम नआएको कारण काम रोकिएको तर रकम आइसककेकोले विगतमा प्रतिबद्धता जनाएको कार्ययोजना अनुसार बाँकी काम गर्ने प्रतिबद्धता पुनः व्यक्त भएको थियो ।

- ठेकेदार पक्षबाट बीचको अवधिको अपुग प्रगति पुरा गर्दै बाँकी कार्य कार्ययोजना अनुरुप द्रूत गतिमा अगाडि बढाउने र तीन हप्ता (जेठ १६) मा परियोजनास्थलमा मन्त्रालयको उच्चस्तरीय प्रतिनिधिमण्डलले मेरो कामको उल्लेखनीय प्रगति हेर्न निमन्त्रणा सम्बन्धित ठेकेदार पक्षले गरेको ।

- सोही अनुरुप दैनिक ताकेतासँगै ठेकेदारले कार्य प्रगतिको निरिक्षणका लागि निमन्त्रणा गरेको मितिमा जेठ १६ गते खानेपानी सचिवज्यूको नेतृत्वमा मेलम्ची आयोजनाको स्थलगत निरिक्षण गरियो ।

**स्थलगत निरिक्षणको सार संक्षेप**

- खानेपानी सचिवज्यूबाट आयोजनास्थलको निरिक्षण गरिएको ।
- ठेकेदार कम्पनी सिएमसी र परामर्शदाता इन्जिनियरका पदाधिकारीसँग छलफल गरिएको ।
- ठेकेदार पक्षले २१ दिनमा उच्चस्तरीय निरिक्षण टोलीलाई निमन्त्रणा गरेको भएपनि यो अवधिमा उल्लेख्य कार्य प्रगति नभएको ।
- उच्चस्तरीय निरिक्षणका क्रममा सिएमसिका उच्च व्यवस्थापकहरुको [redacted] अनुपस्थिति देखिएको । साइटमा सिएमसिका फ्रान्सिस्को कास्टिग्लीआसँग छलफल भएको ।
- ठेकेदार पक्षबाट बैठकहरुमा प्रतिबद्धता व्यक्त गर्ने, कार्ययोजना निर्माणमा स्वयम् सहभागी भई प्रतिबद्धता र सहमति जनाएपनि साइटमा भने बिभिन्न बहानामा उल्लेखनीय कार्य हुन नसकेको अवस्था देखिएको ।
- ठेकेदार पक्षले कम्पनीको आन्तरिक विवाद देखाई उच्च व्यवस्थापकबाट सहयोग नभएको र केन्द्रीय कार्यालयबाट समेत रकम उपलब्ध नगराएको बहाना देखाउने र रकम आइसकेको जानकारी दिएपनि सो अनुरुपको काम गर्न नसकेको ।
- सिएमसिको प्रतिवद्धता अनुसार मे महिनामा ६ कि. मि. टनेल फिनिसिङ्ग गर्नुपर्नेमा १ कि. मि. मात्र फिनिसिङ्ग गरि काममा ढिलाई भएको छ ।
- सचिवस्तरीय टोलीले मनसुन सत्र अगाडि नै सम्पूर्ण निर्माण सामग्री र उपकरण सञ्चिती र तयारी अवस्थामा राखेर उच्च व्यवस्थापकलाई जानकारी गराई कार्ययोजनामा प्रतिबद्धता व्यक्त गरे अनुरुपको कार्यतालिका पाँच वटै गतिविधिहरुमा सबै फ्रन्टमा तिव्र गतिमा काम अनिवार्यरुपमा काम सम्पन्न गर्न निर्देशन दिएको र ठेकेदारका कुनै पनि बहाना स्वीकार गर्न नसकिने मन्त्रालयको स्पष्ट धारणा रहेको जानकारी गराइएको ।

**मन्त्रालयको आगामी योजना**

- मेलम्ची खानेपानी आयोजना तोकिएको कार्यतालिका भित्र सम्पन्न गर्न मन्त्रालय कटिबद्ध छ । आयोजना निर्माणको कुनै पनि कार्यमा कुनै पनि प्रकारको बहाना मन्त्रालयलाई स्वीकार्य छैन । मन्त्रालय कुनै पनि शर्तमा कार्ययोजना र तालिकालाई परिवर्तन गर्ने पक्षमा छैन ।

- त्यसैले मन्त्रालयले आयोजना ठेकेदारबाट कार्यप्रगतिलाई द्रुत गतिमा तोकिएको कार्यतालिका अनुसार काम गर्न ठेकेदार कम्पनीको केन्द्रीय कार्यालय इटालीको उच्च व्यवस्थापकलाई तत्काल पत्राचार गरी नेपाल बोलाएर गम्भीर ढंगल छलफल गर्ने निर्णय गरेको छ ।

- उक्त संवादबाट समेत ठेकेदार पक्ष गम्भीर नभई कार्यप्रगति अघि नबढेको अवस्थामा सम्झौता पालना नगरेको मानी जुनसुकै प्रकारको कदम समेत चाल्न सक्ने जानकारी गराउन चाहन्छौं ।

- मेलम्ची आयोजना हामी सबैको सरोकारको विषय हो । राष्ट्रिय गौरवको विषय हो । त्यसैले यो आयोजनलाई समयमा नै पुरा गर्न र मन्त्रालयले लिएका लक्ष हासिल गर्न यहाँहरु सबैको सहयोगका लागि अनुरोध गर्दछौं ।

शंकरप्रसाद सुवेदी
प्रवक्ता तथा सहसचिव
खानेपानी मन्त्रालय